'संसारलाई बदल्नु छ, शुरु आफैबाट गर्नु छ ।'

मनोक्रान्ति अभियान

# आफूलाई चिनौं



## डा.योगी विकाशानन्द

मनोक्रान्ति अभियान

# उपहार

श्री ........................................................ लाई





हामीले सह-अस्तित्ववादको बारेमा कुरा गर्दै आएका छौं । मानवजातिले ५ हजार वर्षबीच बुझ्न नसकेको तर सबभन्दा बुझ्नै पर्ने विषयवस्तु हो सह-अस्तित्ववाद । दुर्भाग्य यस्तो रह्यो कि हाम्रो समाज एक आपसमा सहयोग (co-operation) भन्दा एक आपसमा प्रतिस्पर्धा (competition) मा बढी निमग्न हुँदै आपसी समझदारी र सहयोग भन्दा आपसी द्वन्द्व सामाजिक द्वन्द्व, ईत्यादिमा फस्दै आइरहेको छ । र परिणामस्वरुप अहंकारको सबभन्दा ठूलो रोग मान्छेमा पलाएको देखिन्छ । यही

> **मानवजातिले ५ हजार वर्षबीच बुझ्न नसकेको तर सबभन्दा बुझ्नै पर्ने विषयवस्तु हो सह-अस्तित्ववाद । दुर्भाग्य यस्तो रह्यो कि हाम्रो समाज एक आपसमा सहयोग (co-operation) भन्दा एक आपसमा प्रतिस्पर्धा (competition) मा बढी निमग्न भएको पाउँछौं हामी ।**

मनोक्रान्ति अभियान

अहंकारको रोगकै कारणले गर्दा आज मान्छे पशुभन्दा पनि तल खसेको देख्छौं हामी । याद राख्नुस् यो कुरालाई । मान्छेको अहंकारकै कारणले गर्दा, अहंवादकै कारणले गर्दा मान्छे पशुभन्दा पनि तल खसेको देख्छौं हामी । आफू र आफ्नो वर्गलाई मात्र ठूलो र ठीक ठान्ने, अरूलाई भने भुसुना गन्ने अहंकारको लडाईं सधैं जारी देखिन्छ । किनभने धरतीमा सजातिलाई मार्ने अन्य प्राणी बिरलै मात्र पाइन्छन् । कुनै जमानामा डाइनोसर थिए जसले सजातिलाई सिध्याउँथे । त्यसैले उनीहरू यो धरतीबाट सदा-सदाको लागि बिदा भए । आफ्नै जातिलाई सिध्याउने जुन पागलपन डाइनोसरहरूले देखाए, त्यसैको परिणामस्वरुप तिनीहरू धरतीबाट विलोप भए । बाघ, भालु, सिंह ईत्यादिलाई हामी खतरनाक जनावरको रुपमा पेश गर्छौं, चिन्छौं । तर कहिल्यै विचार गरेका छौं कि बाघले कहिल्यै पनि बाघलाई मार्दैन । चितुवाले चितुवालाई मारेको कहिल्यै देखेका छैनौ हामीले, सर्पले सर्पलाई मारेको अनि बिच्छीले बिच्छीलाई मारेको पनि हामीले देखेका छैनौं । हामी देख्दैनौ भालुले भालुलाई

**हामी दिनदिनै देखिरहेका छौं मान्छेले मान्छेलाई सिध्याइरहेको । अब भन्नुस् के मान्छे साँच्चै बुद्धिमान प्राणी हो ? कि बेवकूफ नं. १ हो ?**





मनोक्रान्ति अभियान

सिध्याएको । तर हामी दिनदिनै देखिरहेका छौं मान्छेले मान्छेलाई सिध्याइरहेको । अब भन्नुस् के मान्छे साँच्चै बुद्धिमान प्राणी हो ? कि बेवकूफ नं. १ हो ? यस्तो खालको सिनेमा बन्नु पर्थ्यो । 'बिबी नं. १' बनाउनेले 'बेवकूफ नं. १' नाम गरेको सिनेमा बनाउदा पनि हुन्थ्यो । किनभने मान्छेको सबभन्दा ठूलो विशेषता भनेको उठ्यो भने भगवान बन्न सक्छ र खस्यो भने पशुभन्दा तल झर्न सक्छ ( शैतान जसको अर्को नाम हो) । याद राख्नुस् यसलाई– मान्छे उठ्यो भने भगवान्, खस्यो भने शैतान । अनि जो उठ्न पनि सक्दैन र खस्न पनि राजी छैन त्यो- नादान । किनभने खसिसकेपछि उठ्ने विचार आउँछ । खसिसक्यो भने उठ्नै पर्ने आवश्यकता पनि टड्कारै देखिन्छ । त्यसकारण नादान बन्नु भन्दा शैतान बन्नु धेरै ठूलो कुरा हो । नादान बनीबनी बाँच्नु भन्दा शैतान बन्नु जाती किनभने शैतान बन्नु भनेको यसरी खस्नु कि अब फेरी खस्ने ठाउँ बाँकी नरहोस् । त्यसकारण शैतान बेइमान हुँदैनन् कहिल्यै । धरतीमा कुनै पनि भाषामा यस्तो शब्द चयन भएकै छैन-

**याद राख्नुस् यसलाई– मान्छे उठ्यो भने भगवान्, खस्यो भने शैतान । अनि जो उठ्न पनि सक्दैन र खस्न पनि राजी छैन त्यो- नादान । किनभने खसिसकेपछि उठ्ने विचार आउँछ ।**

'बेइमान शैतान' किनभने शैतान स्वभावैले बेइमान हुन्छ। त्यसकारण शैतानलाई बेइमान कसैले भन्दैन, भन्नै पर्दैन। बेइमान त नादानलाई दिने उपमा हो, तक्मा हो। हामी मात्रै बेइमान हुन्छौं। किनभने हामी इमान्दार पनि हुन सक्छौं। हामी इमान्दार हुन सक्छौं र त बेइमान पनि हुन सक्छौं।

**ना मैं भगवान् हुं, ना मैं शैतान हुं**
**दुनियाँ जो चाहे सम्झे मैं तो इन्सान हुं**
**थोडा सा बेइमान हुं**
**दुनियाँ जो चाहे सम्झे मैं तो इन्सान हुं ।**

**त्यसकारण नादान बन्नु भन्दा शैतान बन्नु जाती किनभने नादानहरू न खस्न तयार हुन्छन्, न त उठ्नै । उठ्नको लागि प्रयाश छैन, खस्नको लागि राजी छैन । ऊ सधैं झुण्डेर बस्छ त्रिशंकु जस्तै, चमेरो जस्तै ।**

मान्छे बेइमान बन्नुपर्छ। शैतान कहिल्यै बेइमान हुँदैन। शैतानको एउटा विशेषता हुन्छ- उनीहरू बेइमान बन्दैनन् किनभने उनीहरू त्यो ठाउँमा छन् जहाँ बेइमानी धर्म हुन्छ उनीहरूको लागि । शैतानले बेइमानी गरेन भने मात्रै बेइमानी हुन्छ, जसरी आगोले पोलेन भने त्यो आगोको बेइमानी हुन्छ । जुन दिनमा शैतानले बेइमानी गर्न छोड्छन्, उनीहरूमा त्यो भन्दा ठूलो बेइमानी केही पनि

मनोक्रान्ति अभियान





हुँदैन। शैतानको कहानी बडो गजबको छ किनभने उसले बेइमान गर्दैन भने ऊ शैतान नै रहँदैन। त्यसकारण नादान बन्नु भन्दा शैतान बन्नु जाती किनभने नादानहरू न खस्न तयार हुन्छन्, न त उठ्नै। उठ्नको लागि प्रयाश छैन, खस्नको लागि राजी छैन। ऊ सधैं झुण्डेर बस्छ त्रिशंकु जस्तै, चमेरो जस्तै।

**न तू जमीं के लिए**
**न आशमां के लिए**
**तेरा वजूद हैं सिर्फ**
**दासतां के लिए**

तेरा वजूद अर्थात् तेरो अस्तित्व केवल कहानीको लागि मात्र काम लाग्छ, जवानीको लागि काम आउँदैन । जिन्दगानीको लागि, अस्तित्वको लागि तेरो काम छैन। तँ हुनलाई त बोका नै होस् तर गोरुको रुपमा नारिदैछ तँलाई। बोकालाई गोरुको रुपमा नारिनु पनि नादानहरूकै कहानी हो। यसलाई पहिचान गर्नुस्। याद राख्नुस् शैतानले पनि बोकालाई भगवानलाई चढाउने बहानामा काट्छन् । बोकाको बलीमा भगवान् पनि सुखी नै देखिन्छ।

**किनभने हामी पनि समाजको त्यही वर्ग जो न खस्ने आँट गर्छन, न त उठ्ने प्रयास गर्छन् । चुपचाप यथास्थितिवादी हुने बाहेक के गरेका छौं हामीले ?**

मनोक्रान्ति अभियान

किनभने हामी पनि समाजको त्यही वर्ग जो न खस्ने आँट गर्छन, न त उठ्ने प्रयास गर्छन् । चुपचाप यथास्थितिवादी हुने बाहेक के गरेका छौं हामीले ? तीन घण्टा बस्छौं बस् । सिनेमा हलमा पनि त्यही हालत, फुटबलमा पनि त्यही हालत । हुँदाहुँदा अब त प्रवचनमा पनि त्यही हालत । खाली बस्छौ हामीहरू । यो बस्न बाहेक गर्न के सकिरहेकाछौं र हामीले ? यो घर-घरको कहानी हो । यो प्रत्येक रंगशालाको कहानी हो । यो संघ संस्थाको कहानी हो । यो हल हलको कहानी हो । कहानी हो कि जहाँ पनि, जहिले पनि जनता दर्शक रहनमा राजी भए । जनता जहिले पनि मुकदर्शक बने । र त त्यसकै फलस्वरुप जिन्दगी भरी उनीहरू नादान भइरहे । न त बाँच्नुको एहशास छ न त मर्नुको शान्ति हुन्छ उसलाई । मर्नु त शान्ति नै हुनुपर्ने, बाँच्नु त उत्सव नै हुनुपर्ने हो तर न मृत्युको शान्ति छ जीवनमा, न त बाँच्नुको उत्सव छ जीवनमा । न कुखुराको चाल यो, न हाँसको चाल यो । भएको के हो यी मान्छेहरूलाई ?

**जहाँ पनि, जहिले पनि जनता दर्शक रहनमा राजी भए । जनता जहिले पनि मुकदर्शक बने । र त त्यसकै फलस्वरुप जिन्दगी भरी उनीहरू नादान भइरहे ।**

प्रसंग बडो मार्मिक छ, चिन्तनीय छ, मननीय छ कि धरतीमा शैतान छन्, भगवान छन् र नादान छन् । यी मध्ये सबभन्दा ठूलो वर्ग चाँहि नादान भएर बाँचे । सबभन्दा धेरै (जसलाई जनसाधारण भन्छौं हामीहरू) मानिसहरू उठ्ने प्रयास पनि गर्दैनन् र खस्न पनि राजी हुँदैनन् । अंगुलीमाल खसेकै थिए, शैतान त भएकै थिए तर बुद्धको संगत पाएर पछि भगवान भए । डाकु रत्नाकर खसेकै थिए तर नारद मुनीको संगत पाएर महर्षि भए । याद राख्नुस् यसलाई ।

खस्नु त यस्तो पीडादायक कुरा नहुन सक्छ जति कि बीचमा झुण्डिरहनु । किनभन्नाले झुण्डिने मान्छे जहिले पनि झुण्डिदो रहेछ । र यही कुरा जुदाइजम्मा,

पुरानो बाइबलमा कथाको रुपमा पेश छ बेल्जीबबको कथा । बेल्जीबब भन्ने एकजना शैतान थिए । शैतानीकै कारण उसलाई स्वर्गबाट लात हानेर धरतीमा झारिदिए । धरतीमा खसिसकेपछि उनले राम्रो काम गरे, महान काम गरे । किनभने 'मैले गल्ती गरेको कारणले म पतन भएको हुँ, म मर्त्यमण्डलमा आएको हुँ र अहिले पनि मैले गलत काम गरें भने म सिधै नर्कमा पुग्छु । गल्ती गरेकोले स्वर्गबाट झरें । अहिले

**अंगुलीमाल खसेकै थिए, शैतान त भएकै थिए तर बुद्धको संगत पाएर पछि भगवान भए । डाकु रत्नाकर खसेकै थिए तर नारद मुनीको संगत पाएर महर्षि भए ।**

मनोक्रान्ति अभियान

म स्वर्गबाट च्युत भएर धरतीमा छु। यदि धरतीमा रहँदा पनि मैले गतिलो काम गरिन भने म सीधा नर्कमा जान्छु' भनेर बुझे उनले ।

यो एउटा कहानीसँग जोडिएको संदेश हो किनभने हामी पनि बेल्जीबब नै हौं । हामीले विगतमा गरेको गल्तीको परिणामस्वरुप अहिले रोगी, कमजोर, क्षीणहीन र मुकदर्शक भएर बाँच्न बाध्य छौं । यो विगतमा गरेको गल्ती जारी राख्ने हो भने यो भन्दा ठूलो पतनको खाल्डो हामी आफैं खन्छौं। त्यही हो बेल्जीबबको कहानी कि गल्ती गरेकोले स्वर्ग गुम्यो र मर्त्यमण्डलमा आयो । यदि मर्त्यमण्डलमा पनि गल्ती जारी राख्यो भने सीधैं नर्कमा पुगिन्छ। यो कहानीले हामीलाई भनेको छ कि खस्नु दुखद कुरा हैन, खसेर उठ्न नसक्नु दुखद कुरा हो। याद राख्नुस्– दुनियाँमा खस्ने अधिकार सबैलाई छ ।

**यो कहानीले हामीलाई भनेको छ कि खस्नु दुखद कुरा हैन, खसेर उठ्न नसक्नु दुखद कुरा हो । याद राख्नुस्– दुनियाँमा खस्ने अधिकार सबैलाई छ ।**

**आखोंको एक निगाहका हक है**
**एक दिल मैं भी लाया हुँ**
**मुझे भी एक गुनाहका हक है**





मलाई पनि अपराधको एउटा हक त छ। जसरी आँखालाई हेर्ने हक छ, कानलाई सुन्ने हक छ, छालालाई छुने हक छ, त्यस्तै मैले मान्छेको दिल पनि पाएको छु। त्यसैले एउटा अपराधको हक मलाई पनि छ। तर एउटा मात्र अपराध यस्तो अपराध कि त्यसपछि मैले अर्को अपराध गर्नु नपरोस् र पुनः पुनः अर्को अपराधमा हात हाल्नै नपरोस् । यस्तो एउटा अपराध त मेरो भागमा पनि पर्छ अंशबण्डै सही । तर दुर्भाग्य यस्तो अपराध पनि हामीले पाएनौं । हामीले पायौं त चानचुन अपराध । आज एउटा गरियो भोलि अर्को अपराध गर्नुपर्ने, साना-साना अपराधहरू जम्मा गर्दै जानुपर्ने बैंकमा गरेजस्तै । त्यो अपराधलाई लुकाउन अर्को तेस्रो अपराध गर्नैपर्यो। अनि ती सबैलाई लुकाउन चौथो अपराध। त्यो जम्मैलाई ढाकछोप गर्न अर्को अपराध गर्छौं र हाम्रो नोट नोटवाला चिन्दगी चानचुने अपराधले बरबाद पार्छ। हामी जम्मै कौडी कौडीमा बुद्धिमानी गर्छौं र करोड करोडमा नादानी गर्छौं। कौडी कौडी सम्हाल्छौं र हीरा हीरा मिल्काउछौं। हाम्रो जीवन यस्तै छ। कौडीमा मोह छ हाम्रो। त्यो

**त्यसैले एउटा अपराधको हक मलाई पनि छ । तर एउटा मात्र अपराध यस्तो अपराध कि त्यसपछि मैले अर्को अपराध गर्नु नपरोस् र पुनः पुनः अर्को अपराधमा हात हाल्नै नपरोस् ।**

मनोक्रान्ति अभियान

श्रीमतीको कति मोह जो पाएर केही फरक पर्दैन जीवनमा । त्यो छोराछोरीमा कति मोह नहुँदा पनि जिन्दगी पीडित थियो, हुँदा पनि कति आनन्दित भयो ? त्यो पद प्रतिष्ठाको कति मोह हामीमा ? जुन कुरा नपाउँदा पीडित थियौं हामीहरू, त्यो पाउँदा पनि पीडित नै रह्यौं । हामी त्यस्तो कुरामा भुल्यौं, जुन कुरा नपाउँदा बरबाद हुन्थ्यो र पाउँदा आवाद नहुने । याद राख्नुस् यसलाई कि नपाउँदा हामी बर्बाद हुन्थ्यौं निश्चितै रुपमा । यदि बाउ नपाएको भए, छोराछोरी नपाएको भए, शिक्षा, संस्कृति, सम्पति, स्वास्थ्य ईत्यादि नपाएको भए हामी के हुन्थ्यौं ? पक्कै पनि बर्बाद हुन्थ्यौं । तर पाएको भए पनि के हुन्थ्यो ? पाएर पनि बर्बाद नै भइरहेका छौं ।

> **हामी यस्तै-यस्तै जिन्दगी भोगिरहेका छौं जो नपाएर त गम (दुःख) हुन्छ नै तर पाएर पनि गम मेटिँदैन ।**

हामी यस्तै-यस्तै जिन्दगी भोगिरहेका छौं जो नपाएर त गम (दुःख) हुन्छ नै तर पाएर पनि गम मेटिंदैन । हाम्रो गम पनि कस्तो गम त हामी सबैले प्रयोग गर्ने कुरा हो अचेल ।

**गम वही जो कागज पर रखकर चिपकाया जाता है**

हाम्रो गम पनि त्यस्तै छ । त्यसको कुनै तुक छैन किनभने त्यो गम यदि महागम (महादुख) भइदिएको भए ! यस्तो पीडा कि





फेरी त्यो भन्दा ठूलो पीडाको सामना गर्नु नपरोस् । क्रान्ति त्यहाँबाट हुन्छ, त्यहाँबाट परिवर्तन (Transformation) हुन्छ । त्यसकारण या त महागम या त बेगम ।

**भगवान या मुझे बेगम दे दें**

**या मुझे महागम दे दें**

कि पीडा यस्तो बढाइदेऊ,- त्यसभन्दा ठूलो अर्को पीडै नहोस् । या त पीडाबाट मुक्ति देऊ । बेगमको अर्थ हो गम नभएको अर्थात दुख नभएको । तर बेगमको अर्को अर्थ हुन्छ महारानी याने ठूलो जिन्दगी । यो बडो अर्थपूर्ण छ– या महागम दे या बेगम दे भगवान तर कागजमा लगाउने गममा मात्र कति भुलाउने मलाई ?

> **मान्छे शैतानी गरेर पनि पार तर्छन्, पुरुषार्थ गरेर पनि पार तर्छन् । मान्छे बर्बाद त केही पनि नगरेर पो हुन्छन् । हामी सबै केही नगरेर बर्बाद भएकाहरू हौं ।**

अतः त्यो कहानीको प्रसंगलाई याद राख्नुस् कि मान्छे शैतानी गरेर पनि पार तर्छन्, पुरुषार्थ गरेर पनि पार तर्छन् । मान्छे बर्बाद त केही पनि नगरेर पो हुन्छ । हामी सबै केही नगरेर बर्बाद भएकाहरू हौं । त्यसकारण हाम्रो बर्बादी हामीले गरेका गल्तीको कारणले हुने हैन । हाम्रो बर्बादी हामीले केही नगरेको

कारणले हुने हो । हामीलाई लाग्न सक्छ 'किन केही गरेको छैन मैले ? गरिरहेको छु नि केही कमाइरहेको छु' । त्यो त गधाको घाँसभन्दा बढी अरू केही पनि हैन । त्यो त केही गरेको होइन किनभने गधालाई काम दिइन्छ दिनभरी अनि त्यही कामको ज्याला स्वरुप घाँस दिइन्छ । बिटाका बिटा हरियो घाँस दिइन्छ जुन घाँस त चौरमा त्यतिकै पाइन्छ फालाफाल ! तपाईंले धरतीमा मान्छे बाहेक जागीर खाने कुनै प्राणी देख्नु भएको छ ? कुनै चिप्लेकीरोलाई अफिस जान हतार भएको देख्नु भएको छ ? परमात्माले के मान्छेलाई मात्र 'जागीर खा' भनेर लेखेर राखेको होला र ? मान्छे मात्र यस्तो प्राणी हो जसको भात खाएर मात्र पेट भरिदैन, जागीर नै खानु पर्छ । हामीले यस्तै सामाजिक संरचना निर्माण गर्‍यौं ।

> **मान्छे बाँच्ने रोटीले होइन किनभने तपाई हामी जन्मनु अघि परमात्माले रोटी पहिला जन्माउँछ । त्यसपछि मात्र हामीलाई जन्माउछ ।**

मान्छे बाँच्ने रोटीले होइन किनभने तपाईं हामी जन्मनु अघि परमात्माले रोटी पहिला जन्माउँछ । त्यसपछि मात्र हामीलाई जन्माउछ । जिससको एउटा कथन छ– 'त्यस्तो बाउ को छ धरतीमा कि छोराले माछा माग्दा सर्प देओस् ? त्यस्तो बाउ को छ कि छोराले रोटी माग्दा ढुंगा देओस् ? तिमीले जन्माएका सन्तानप्रति कति प्यार गर्छौ





तिमी ? बेइमानी गरेर पनि, घुस खाएर पनि या आफैं भोकै बसेर पनि उसलाई पढाउछौ, हुर्काउछौ । कति पीडित हुन्छौ तिमी उसको लागि ? तिमीले जन्माएका सन्तान तिमीलाई कति प्यारो छ भने तिमी आफू मरीमरी उसलाई बचाउँछौं । तिमीले जन्माएका सन्तानप्रति तिम्रो यति प्यार छ भने तिमीलाई जन्माउने प्रकृतिको प्यार कति पनि नहोला तिमीप्रति ? के तिमी भन्दा कठोर ठान्छौं तिमीलाई बनाउने परमात्मालाई ? मूर्ख ठान्छौं परमात्मालाई ?'

> **हामी बगाउँछौं आँशु पनि त्यस्तो चीजको लागि जुन चिज नपाउँदा आँशु बग्छ नै, पायो भने अर्को आँशु त्यसैले बगाइदिन्छ । तपाईंले अहिलेसम्म पाएको कुरा त्यस्तै त्यस्तै होइन ?**

हामी आफ्ना छोराछोरीप्रति कति बफादार हुन्छौं ? जतासुकै बेइमानी गर पनि कमसेकम साना बच्चाको लागि इमान्दारपूर्वक पेश हुन्छौं । कति प्यार आफ्ना छोराछोरीको लागि ? र यो सम्पूर्ण सृष्टिलाई बनाउने त्यो आमाबाउ (परमात्मा) त्यसको प्यार नहोला तपाई माथि ? हामीले आफ्नो बच्चालाई माया गर्न पनि उसैको कारणले सिकेको हो भने उसको माया हुँदैन हामीमाथि ? यसको प्रेम हुँदैन हामीमाथि ? के तपाईं बर्बाद भएको हेर्न चाहन्छ होला ऊ ? यदि

तपाईं आफ्ना छोराछोरी बर्बाद भएको हेर्न चाहुनहुन्न भने परमात्माले तपाईंको बर्बादी हेर्न सक्छ होला ?

अतः हामी यस्ता टुहुरा मान्छे जसले आफूलाई जन्माउने त्यो प्रकृति, आफूलाई जन्माउने त्यो जननी, त्यो परमात्मालाई बिर्सिसक्यौं । र त हामी लावारिश भयौं, टुहुरा भयौं, बर्बाद भयौं । बर्बाद यस अर्थमा कि हामीले उसलाई जानेनौं जसको कारणले हामी धरतीमा छौं । हामीले जान्यौ त्यसलाई मात्र अथवा त्यस्तो चीजको लागि मात्र रुन खोज्यौं हामी जुन चीज नपाउँदा त रुन्छौं नै, पाएपछि त्यही पाएको चीजले पनि रुवाउछ हामीलाई । रुन्छौं पनि यस्तो ठाउँमा, आँसु पनि झार्छौं यस्तो बेवकुफ ठाउँमा हामी कि कुकुरले लठ्ठा वा खम्वा देख्यो कि खुट्टा उचाले जस्तै । हाम्रो आँशु पनि त्यो पिशाव भन्दा घटिया भयो । हामी बगाउँछौं आँशु पनि त्यस्तो चीजको लागि जुन चिज नपाउँदा आँशु बग्छ नै, पायो भने अर्को आँशु त्यसैले बगाइदिन्छ । तपाईंले अहिलेसम्म

**जुनदिनमा आमाबाबुप्रतिको भरोसा टुट्छ, समाजप्रतिको भरोसा टुट्छ, व्यवस्थाप्रतिको आस्था टुट्छ, धर्मप्रतिको चाह फुट्छ, जिजीविषा (बाँच्ने ईच्छा) हराउँछ, त्यसदिनमा मात्र मान्छे नशामा फस्छ ।**





पाएको कुरा त्यस्तै त्यस्तै होइन ? आँशु त्यसको लागि झार्नु भएको थियो तपाईंले जुन नपाएको भए आँशु झारेर बस्नुहुन्थ्योहोला । अहिले पाउनु भएको छ र त्यसकै कारणले आँशु झारेर बसिरहनु भएको छ । साह्रै घटिया जिन्दगी बाँच्न बाध्य छौं हामीहरू ।

त्यसकारण यदि तपाईंका छोराछोरीले तपाईंमाथि भरोसा गर ेनन् भने हालत के हुन्छ याद गर्नु यसलाई । जुनदिनमा छोराछोरीले एकरत्ति पनि तपाईंलाई विश्वास गर्दैनन्, 'छोरा' भनेर बोलाउँदा पनि 'के प्रमाण छ ?' भन्न खोज्छ त्यो बेला तपाईं र तपाईंले जन्माएका सन्तानको के हालत होला ? त्यो स्म्याक त्यतिकै खाएका भन्ने ठान्नु भएको छोराछोरीले ? स्म्याक त्यत्तिकै खाँदैनन् छोराछोरीले । यसकारण खान्छन् कि उनीहरूलाई आमाबाबुप्रति कुनै भरोसा छैन । कुरा यस्तो छ । जुनदिनमा आमाबाबुप्रतिको भरोसा टुट्छ, समाजप्रतिको भरोसा टुट्छ, व्यवस्थाप्रतिको आस्था टुट्छ, धर्मप्रतिको चाह फुट्छ, जिजीविषा (बाँच्ने ईच्छा) हराउँछ, त्यसदिनमा मात्र मान्छे नशामा फस्छ । त्यसकारण तपाईंका छोराछोरीले स्म्याक पिइरहेकाछन् या नशा प्रयोग गरिरहकाछन् भने

**तपाईं हामी असक्षम आमा बाबु बन्यौं र त हामी बर्खास्त भयौं । त्यसकारण हामी बर्बाद भयौं र हामी बर्बाद भएकोले छोराछोरी बर्बाद भए ।**

मनोक्रान्ति अभियान

बर्बाद भईरहका छन् किन भन्नाले तपाईं उनीहरूप्रति भरोसा जन्माउन असफल हुनुभयो। तपाईं हामी असक्षम आमा बाबु बन्यौं र त हामी बर्खास्त भयौं । त्यसकारण हामी बर्बाद भयौं र हामी बर्बाद भएकोले छोराछोरी बर्बाद भए। हाम्रो कमजोरी, हाम्रो नादानी र हाम्रो बेइमानीले गर्दा छोराछोरी प्रतिको भरोसा जन्माउन सकेनौं हामीले । जिन्दगीभर हामी त्यस्तो कुरा बनाउनमा लाग्यौं जुन कुरा बनाएर पनि आफ्नो नहुँदो रहेछ।

**फासला ऐसे भी होंगे, ये कभी सोचा न था**
**सामने बैठा था मेरी ओर वो मेरा न था**

यस्तो दुरी त कहिलै सोचेका पनि थिएनौं होला हामीले । छोराछोरी नजीक नजीकै छन्। छन् त छन्, खान आउँछन् आमाकै निःशुल्क रेस्टुरेन्टमा, ( भन्न त kitchen वा भान्छाघर भनिन्छ), बस्न त बस्छन् बाउकै निःशुल्क लजमा (जसलाई घर भनिन्छ), आउने जाने त यहीं हो तर आफ्नो (वा मेरो) बन्न चाहिँ सकेनन् । ‘दुनियाँ बनाएँ मैले तर तिमीलाई मेरो बनाउनै

**जमाना कुनै यस्तो पनि थियो कि हरेक घरबाट एउटा बच्चो (छोरो वा छोरी) धर्मको लाइनमा गयो भने, अध्यात्मको खोजमा निस्कियो भने सातपुस्ताको ऋणबाट मुक्त भएको मानिन्थ्यो ।**





सकिन। दुनियालाई त आफ्नो बनाउँदै हिंडे म, पद पाएँ, प्रतिष्ठा पाएँ, थोर बहुत सम्मान पनि जुटाएँ तर छोराछोरीलाई आफ्नो बनाउन सकिन। म हारें।’

**सारे जगको देखके जाना, तुम बिन मेरा कोई नही**
**ठोकर खाके हमने माना तुम बिन मेरा कोई नहीं**

अनि मात्र याद आउँछ त्यो परमात्माको यति खस्केपछि, यति थाकेपछि। *ठोकर खाके हमने माना तुम बिन मेरा कोई नहीं*। जब ठोकर खाइन्छ अनि मात्र मन बाध्य हुन्छ। त्यसकारण हाम्रा छोराछोरी बर्बाद हुनुमा हामीले जिन्दगीभर गरेको गल्तीको परिणाम उनीहरूले स्याक खाएका हुन्। उनीहरू किन बर्बाद भए भने त्यही बर्बादी कमाउँदै हिंड्यौं हामी जिन्दगीभर । अहिलेसम्मको जागीर, पद, प्रतिष्ठा, सन्तान यो सबैको परिणाम छोराछोरीको तवाही बाहेक के नै पायौं हामीले ?

**उनी भन्छिन्- ‘कुरा ठीक छ, तर मेरो पनि एउटा शर्त छ कि तपाईंहरूलाई सहवास दिन म तयार छु तर तपाईहरू सबै बच्चा भएर आउनुपर्छ बालक भएर ।’**

जमाना कुनै यस्तो पनि थियो कि हरेक घरबाट एउटा बच्चो (छोरो वा छोरी) धर्मको लाइनमा गयो भने, अध्यात्मको

खोजमा निस्कियो भने सातपुस्ताको ऋणबाट मुक्त भएको मानिन्थ्यो । जमाना यस्तो पनि थियो कि 'मेरो घरबाट कम से कम एकजना मुक्तिको प्यासी बनीदिऊन्, सत्यको खोजी गरुन, एकजना मेरा सन्तान आध्यात्मिक ज्ञानबाट आप्लावित भइदिऊन्, तृप्त बनीदिऊन्' –बाबुआमाको चाहना यही हुन्थ्यो । प्राथमिकता यही हुनुपर्थ्यो कि भगवानलाई प्रार्थना गर्दा पनि– 'भगवान्, मेरै सन्तानबाट कोही न कोही यस्तो जन्मियोस् जो अध्यात्मको चाहना राख्छ । कम से कम एउटा सन्तान ।'

**८५ % मान्छेहरू त्यत्तिकै नादान बनेका होइनन् । समस्या आयो कि सीधा समाधान खोछन् उनीहरू । समाधान गर्न सकेन भने भाग्छन् ।**

दत्तात्रेयको कहानी बडो सान्दर्भिक छ यहाँ (भक्तपुरमा दत्तात्रेय मन्दिर नै छ) । ब्रम्हा, विष्णु, महेश्वरले कसरी दत्तात्रेय स्वरुप ग्रहण गरे त्यो अनुसुयाको कहानीबाट सिक्नु पर्छ हामीले । ब्रम्हा, विष्णु, महेश्वर अनुसुया कहाँ भिक्षुको रुपमा माग्न जान्छन् । भिक्षा दिन खोज्दा उनीहरू भन्छन् - 'हामी चामलको भिक्षा लिदैनौ, हामी तिमीसंग सहवासको भिक्षा लिन्छौं।'

एकजना सतीको लागि परपुरुषसँग सहवास गर्नु त असम्भव कुरा, सहन नसक्ने कुरा, हिन्दू संस्कृतिको घेरामा कल्पना नै गर्न

मनोक्रान्ति अभियान





नसक्ने कुरा । तर सती सावित्री जस्ता सतीहरू जन्मेको, कहानी रचेको यस भूमिमा अनुसुयाजस्ता महिलाहरूको कहानी पनि त्यस्तै छ । उनी भन्छिन्-'कुरा ठीक छ, तर मेरो पनि एउटा शर्त छ कि तपाईंहरूलाई सहवास दिन म तयार छु तर तपाईंहरू सबै बच्चा भएर आउनुपर्छ, बालक भएर ।' सतीसँग सम्भोग माग्छन् ती मोरा साधुहरू ! कहानी बडो जटिल र चोटिलो छ । के तपाईं कल्पना गर्न सक्नुहुन्छ कि साधुले सतीसँग सहवासको माग गर्छन् अनि सतीले अस्वीकार गर्दिनन् – अर्को चमत्कार !

**त्यस्तो पनि छ अवस्था जुन 'हो' र 'होइन' बाट पर छ । हामी या त "yes" भन्छौं या त "no" भन्छौं, बीचको कुरै थाहा छैन ।**

सतीले परपुरुषसँगको सम्भोगलाई स्वीकार गर्नु सतीत्वलाई बर्बाद गर्नु हो । त्यसकारण सम्भोग गर्नु भनेको मर्नु हो, जिन्दगीभरको तपस्या भंग गर्नु हो, जिन्दगी भर बनाएको चरित्र गमाउनु हो ।

If you lose money, you lose nothing
If you lose health, you lose something
If you you lose charcter, you lose everything

पैसा गुमाउनु त केही पनि होइन, स्वास्थ्य गुमाउनु केही गमाउनु हो तर चरित्र गमाउनु भनेको सबैथोक गुमाउनु हो । चरित्र सबैभन्दा

ठूलो कुरा हो किनभने बिना चरित्र बाँच्नु मर्नु भन्दा भयानक हुन्छ । त्यसकारण चरित्रलाई त्यस्तो शिखर मान्ने यो मानव सभ्यता र सतीले सम्भोग दान दिनु ! त्यो भनेको जिन्दगीभरको चरित्रलाई बलिदान गर्नु हो । त्यो त असम्भव देखिन्छ । तर मागीसके साधुले । 'नाईं' भनौं त साधुलाई बचन दिइसकेको छ, 'हुन्छ' भनौं त चरित्र बर्बाद । दुइवटा अवस्था छ । सती अनुसुयाले एउटा निश्चित शर्त पेश गरिन्– 'ठीक छ तपाईंहरू सबै बच्चा भएर आउनू' त्यसपछि तीनैजना बच्चा भएर आए । उनले तीनैजनालाई एक-एक पटक दूध चुसाइन् । दूध चुस्न बाहेक बच्चाले अरू के पो गर्न सक्छन् र ? दूध चुस्नु सम्भोगको सबभन्दा लघुरुप हो । सिग्मण्ड फ्रायडले पछि यही कुरालाई प्रमाणित गरे कि आमाले बच्चालाई दूध पिलाउनु

**हामी या त नकारात्मक कुरा मात्र बुझ्छौं, या त सकारात्मक कुरा मात्र बुझ्छौं । तर हामी तटस्थ (Neutral) कुरा नै बुझ्दैनौं ।**

**जब-जब जीवनमा विराट समस्या आउँछ तबमात्र मान्छे महान बन्छ । अभागी त ती मान्छे हुन् जसको जीवनमा एउटै समस्या आएन । दुर्भाग्य त उसको हो जसको जीवनमा दुर्भाग्य नै घटेनन् ।**

मनोक्रान्ति अभियान





पनि यौनिकता (sexuality) हो । यसोभन्दा हामीलाई, हिन्दूहरूलाई सुन्न साह्रै गाह्रो लाग्छ । किनभन्नाले कहाँ बच्चा, कहाँ आमा । उनीहरू बीचको सम्बन्ध पनि सम्भोगकै सम्बन्ध हो अरे ! त्यसको प्रमाण अनुसुयाले दिइरहेकीछिन्, टाढा जानु पर्दैन । किनभने बच्चा दूध चुसेर आनन्दित हुन्छन्, आमा दूध चुसाएर आनन्दित हुन्छिन् ।

सह-अस्तित्वको कुरा यो भन्दा ठूलो अर्को हुनै सक्दैन मित्र ! अनुसुयाले आफ्नो सतीत्व पनि जोगाइन् र वचनलाई पनि जोगाइन् । सह-अस्तित्वको स्वीकार भनेको यही हो कि जब मान्छेले विराट समस्या झेल्छन्, त्यो समस्या अगाडि आउनसाथ या त ऊ समस्या बाट भाग्न खोज्छ या त समाधान गर्न खोज्छ । ९५% मान्छेहरू त्यत्तिकै नादान बनेका होइनन् । समस्या

**देहव्यापारलाई अपराध मानिन्छ यो देशमा तर यस्तो 'जसरी पनि कमाउने' विचारलाई देहव्यापार भन्दा खतरनाक मान्नु पर्ने देखिन्छ ।**

**'आलु खाएर, पेडाको धाक' त्यही जमानामा बनेको उखान हो । खान त ढिंडो खाए पनि हुन्छ तर धाक चाहिँ पेडाकै लगाउनु पर्छ । धाक, रवाफ, इज्जत ।**

आयो कि सीधा समाधान खोज्छन् उनीहरू । समाधान गर्न सकेन भने भाग्छन् । या त सीधा समाधान खोज्नु या त समस्याबाट भाग्नु- आत्महत्या गरेर, चुरोट सल्काएर, रक्सी धोकेर, वियर खाएर आदि । यी भाग्ने विभिन्न तरिकाहरू हुन् । पलायनवाद भनेको यही हो । जिन्दगी या त भाग्नमा बित्छ या त एक पछि अर्को आउने समस्याको 'समाधान' खोज्नमा बित्छ ।

**आइन्सटाइनको जवाफ थियो– 'मेरो लुगा कच्याककुचुक भएको कारणले समस्या आएको होइन, तपाईंको लुगामा आइरन लगाएकोले पो समस्या देखिएको हो ।**

अनुसुयाबाट सिक्नुस् । उनी समस्याबाट भाग्दिनन् । र जस्ताको त्यस्तै सीधा-सीधा समाधान पनि खोज्दिनन् । उनले समस्याको सदुपयोग गर्छिन् । वा !! ब्रम्हा, विष्णु, महेश्वरले माग्न आइरहेछन् । 'हुँदैन' (no) भन्न त सक्थिन् नि । तर त्यसो भनेको भए के हुन्थ्यो ? बरदान पाइदैनथ्यो । बरदान भनेको जीवनको सफलताको प्रतीक हो । त्यस्तै जस्ताको त्यस्तै 'हुन्छ' (yes) भनेको भए चरित्र खत्तम हुन्थ्यो । त्यस्तो पनि छ अवस्था जुन 'हो' र 'होइन' बाट पर छ । हामी या त "yes" भन्छौं या त "no" भन्छौं, बीचको





कुरै थाहा छैन । या त जुलुसमा जाने या त घरमा बसेर टी.भी. हेर्ने ट्वाँ परेर ।

हामी या त नकारात्मक कुरा मात्र बुझ्छौं, या त सकारात्मक कुरा मात्र बुझ्छौं । तर हामी तटस्थ (Neutral) कुरा नै बुझ्दैनौं । बीच भनेको यस्तो तटस्थ बिन्दु हो जहाँबाट चाह्यो भने नकारात्मक रुपमा पनि बढ्न सकिन्छ र चाह्यो भने सकारात्मक रुपमा पनि बढ्न सकिन्छ । हामी आफूलाई त्यो तटस्थ अवस्थामा पाउँदैनौं जसरी अनुसुयाले पाइन् । यो कहानीले त्यही तटस्थतालाई दर्शाएको हो कि जब-जब

**मेरो मुख गन्हाएर पनि मलाई स्वास्थ्य दिएको छ । तपाईंको मुख नगन्हाएर पनि तपाईंलाई रोग दिएको छ । तपाईंको नगन्हाएको मुख राम्रो कि मेरो गन्हाएको मुख राम्रो ? भन्न सक्नु पर्यो ।**

जीवनमा विराट समस्या आउँछ तबमात्र मान्छे महान बन्छ । अभागी त ती मान्छे हुन् जसको जीवनमा एउटै समस्या आएन । दुर्भाग्य त उसको हो जसको जीवनमा दुर्भाग्य नै घटेनन् । के ठान्नुहुन्छ तपाईं ? हामी त जीवनमा दुर्भाग्य नआओस् भन्ने माग गर्छौं, बचाउ गर्छौं । आमाबुबाले त्यही आशीर्वाद दिन्छन् कि 'रुघा नलागोस्, ज्वरोसम्म नआवस् मेरा छोराछोरीलाई ।' त्यसो भए त किन छोराछोरी जन्माएको



मनोक्रान्ति अभियान

? बरु ढुंगा जन्माएको भए हुन्थ्यो ! (किनभने ढुंगालाई मात्र रुघा लाग्दैन र ज्वरो पनि आउँदैन) । त्यो नादानहरूका सन्तान झन् कति बदनाम हुने होलान् ? त्यसकारण याद राख्नुस्– अनुसुयाले नकारात्मताको उपयोग गरिन् र दत्तात्रेयलाई जन्म दिइन् । उनले वर दान मागिन् कि ‘ब्रम्हा, विष्णु, महेश्वर मेरो गर्भबाट जन्मिऊन्’ । उनी धन्य भइन् र ब्रम्हा, विष्णु, महेश्वरलाई जन्माइन्- दत्तात्रेयको रुपमा ।

पुनः याद राख्नुस्– कुनै जमाना थियो यस्तो कि मानिसहरू ‘मेरो घरमा साधुको जन्म होस्’ भन्ने चाहन्थे । अहिलेका बाबुआमा आशिर्वाद दिन्छन्– ‘मेरो कोखबाट धेरै पैसा कमाउने ( भ्रष्टाचारी) जन्मियोस् ।’ ‘तेरो त कामै छैन, अरूले कति-कति कमाए’ आमाबाबुको dialogue सुन्नुस् अचेल । कि त काम देखाउनको लागि भ्रष्ट बन्नुपर्‍यो कि त काम देखाउन नसकेपछि स्याक तानेर बिर्सनु पर्‍यो आमाको

**किनभने युग बदलिंदै-बदलिंदै अब हामी के चाहन्छौं भने छोराछोरी रोगी हुन् वा मूर्ख बनुन् मतलब छैन बुबाआमालाई तर पैसा चाहिं कमाउनै पर्छ ।**

---

**त्यस्तै हामीले पनि प्रकृतिको त्यो परमज्ञानलाई बुझ्न नसकेको कारणले परम चैतन्यलाई बुझ्न नसकेको कारणले गर्दा हामी बर्बाद भएका छौं ।**





dialogue के गर्ने ! सोध्नुस्– कसले तपाईलाई स्याकको हकदार बनायो ? देहव्यापारलाई अपराध मानिन्छ यो देशमा तर यस्तो जसरी पनि कमाउने विचारलाई देहव्यापार भन्दा खतरनाक मान्नु पर्ने देखिन्छ ।

पहिला कामना गरिन्थ्यो कि ‘मेरो गर्भबाट साधु, ज्ञानी, मुक्त सन्तान जन्मिऊन् ।’ त्यो आदर्श मर्दै गयो । विस्तारै-विस्तारै समय बदलियो । अब त्यो साधु, सन्त, मुक्त, महात्मा, ज्ञानी त्यस्ता नजन्मिऊन् । युग बदलिदै गएपछि त्यो ज्ञानको ठाउँ नामले लियो, इज्जतले लियो । ‘इज्जतदार परिवार !’ अब इज्जत कमाउने । पहिलाको युगमा ज्ञान कमाउनुलाई महत्व दिइन्थ्यो । त्यो युग विस्तार-विस्तारै ढल्दै गएपछि ज्ञानको युग मर्दै गयो । युग कस्तो आयो भने कमाउनु पर्छ नाम, जसरी पनि इज्जत जोगाउनै पर्छ । ‘आलु खाएर, पेडाको धाक’ त्यही जमानामा बनेको उखान हो । खान त ढिंडो खाए पनि हुन्छ तर धाक

**मैले अनन्त सूचनाहरू र जानकारीहरू लिनको लागि इन्टरनेटमा जोडिनु पर्छ । यदि इन्टरनेटमा जोडियो भने संसारभरका ज्ञानहरू मेरै कम्प्युटरमा आउँछ । यो त सबैलाई थाहा छ । त्यसको लागि Modem चाहिन्छ ।**

मनोक्रान्ति अभियान

मनोक्रान्ति अभियान

चाहिँ पेडाकै लगाउनु पर्छ । धाक, रवाफ, इज्जत । दुनियाँले के भन्लान् ? अब दुनियाँको परवाह बढ्न थाल्यो । आफ्नो लागि जे होस्, अरूको लागि देखाउनु पर्यो ।

**त्यसकारण इन्टरनेटसँग जोडिन जसरी modem चाहिन्छ, त्यस्तै हामीले पनि यो अनन्त ज्ञानको भण्डार ( जसलाई प्रकृति भनिन्छ, परमात्मा भनिन्छ, GOD भनिन्छ, natural intelligence भनिन्छ, super power भनिन्छ ईत्यादि) त्यो चारैतिर छ, जहिले पनि छ, भोलि पनि हुनेछ ।**

अल्वर्ट आइन्सटाइनको एउटा प्रसंग जोडी हालौं । उहाँले कहिल्यै पनि आइरन लगाएको लुगा लगाउनु भएन । नोबेल पुरस्कार पाएका त्यत्रो ठूलो मान्छेले आइरन लगाएको लुगा लगाउनु भएन । अनि ठूला-ठूला सभामा उहाँ जाँदा अरूलाई अप्ठेरो हुने । कहिलेकाँही कसैले सोध्थे पनि "सर, तपाईंले किन लुगामा आइरन नलगाउनु भएको ? समय नभएर हो कि ?" उहाँको लागि काम गर्ने मान्छे त थुप्रै थिए । आइन्सटाइनको जवाफ थियो– 'मेरो लुगा कच्याककुचुक भएको कारणले समस्या आएको होइन, तपाईंको लुगामा आइरन लगाएकोले पो समस्या देखिएको हो । त्यसकारण





समस्या मेरो होइन, तपाईंको हो । तपाईंले पनि आइरन लगाउन छोड्नुस् समस्या समाप्त !'

**त्यसकारण एउटा कुरा बुझौं जुनदिनमा इन्टरनेटसँग लिंक हुन्छ, त्यो दिनमा हाम्रो सफ्टवेयर पनि धन्य हुन्छ । अहिले भन्दा धेरै काम आउँछ । अहिलेसम्म हामीले जेजति पायौं, त्योभन्दा धन्य हुन्छ ।**

---

**हेर्नुस् त जताततै आनन्दै छ, परमात्मै छ र जुन दिनमा हामी त्यो लालीलाई खोज्न जान्छौं त्यो परमात्मालाई खोज्न जान्छौं, त्यो दिनमा हामी आफूलाई पनि परमात्मा नै हो भनेर जान्दछौं ।**

त्यस्तै कुरा म पनि गर्छु । लसुन खानुपर्छ कम्तीमा पनि दिनको ६ केस्रा । किनभने यसले रोग प्रतिरोधात्मक क्षमता (Immune system) लाई शक्तिशाली बनाइराख्छ, भाइरसबाट हुने रोगबाट बचाउँछ । अनि मान्छेहरू त्यस्तै कुरा गर्छन् । 'लसुन त गन्हाउँछ ।' कसलाई गन्हाउँछ ? भनेर सोध्दा त 'आफुलाई हैन, अरूलाई रे' । यहाँ पनि 'इज्जत' कै कुरा छ । मैले भने 'समाधान नखोज्नुस् । समाधान खोज्नुको अर्थ कि त लसुन नखानु हो कि त अरूबाट टाढा बस्नु हो । बरू यसको सदुपयोग गर्नुस् । जसले गन्हायो भन्छ उसलाई खुवाउनुहोस् । उसले पनि खाएपछि

कसको गन्हाउछ, थाहा हुँदैन ।' त्यसकारण 'मेरो मुख गन्हाएर समस्या भएको होइन, तपाईंको नगन्हाएर पो समस्या भएको । मेरो मुख गन्हाएर पनि मलाई स्वास्थ्य दिएको छ । तपाईंको मुख नगन्हाएर पनि तपाईंलाई रोग दिएको छ । तपाईंको नगन्हाएको मुख राम्रो कि मेरो गन्हाएको मुख राम्रो ?' भन्न सक्नु पर्यो ।

जमाना यस्तै हो । अब हालसाल २१ औं शताब्दीको सेरोफेरोमा आउँदाआउँदै इज्जतको कुरा पनि कम भयो। अब पैसाको जमाना। एउटा युगमा ध्यानी, ज्ञानीको चाहना, अर्को युगमा इज्जतको कुरा भयो । अहिलेसम्म आउँदा त 'जसरी भए पनि पैसा कमाउ, Any How Paisa Kamau !'

**देशले रगत मागिरहेको छ एकातिर । अर्कोतिर देशमा शासन गर्ने, एकाधिकार जमाउने चाह बढेको छ । राजामा पनि चाह बढेको छ, पार्टीमा पनि चाह बढेको छ, माओवादीहरूमा पनि ।**

---

**हो २३४ वर्षको इतिहासलाई बदल्नुपर्छ । त्यसमा म राजी छु । इतिहास बदलिएन भने वर्तमान मुर्छा पर्छ । इतिहास बदल्नैको लागि हो, तर दोहोर्याउनको लागि होइन ।**





## बाप बडा न मैंया
## सबसे बडा रूपैंया

अब पैसाकै कुरा गर्छन् सबै । किनभने युग बदलिँदै-बदलिँदै अब हामी के चाहन्छौं भने छोराछोरी रोगी हुन् या मूर्ख बनुन् मतलब छैन बुबाआमालाई तर पैसा चाहिं कमाउनै पर्छ। 'फलानाले कमाएको देखिनस् ? ढिस्काले कमाएको देखिनस् ? फलानो विदेश गएको देखिनस् ? उदाहरण देखाइ-देखाइ जसरी पनि कमाउनै पर्छ' भनेर सिकाइन्छ । अब कुरा के त भन्नाले कमाउने कुरा त अगाडि भने जस्तै गधाको घाँस जस्तै न हो । गधाले काम नगरेपनि चौरमा घाँस त फलाफाल छ जहिले पनि। के तपाईंलाई लाग्छ कि गधाले काम गर्न छोडे भोकभोकै मर्छन् ? कुन गधा धरतीमा काम नगरेर मरेको छ ? भन्नुस् 'फलानो ठाउँमा यति गधा खान नपाएर मरे' भन्ने समाचार त अखबारमा आएको छैन । कुन बाघ वा चितुवा खान नपाएर मरेका

**त्यसकारण। इतिहास बदल्नुपर्छ भन्ने माओवादीको कुरालाई म सलाम ठोक्छु ! सलाम !! तर एउटा कुरा याद राख्नुस्– नेपालको इतिहासलाई बदल्ने अनि सोभियत रसियामा फसेको इतिहास यहाँ दोहोर्याउने ?**



मनोक्रान्ति अभियान

मनोक्रान्ति अभियान

छन् ? मर्दैनन् किनभने प्रकृतिले उनीहरूलाई जन्माउनु अघि नै उनीहरूको भोजन जन्माएको छ । बडो गजबको कुरा । जसरी हामीलाई आफ्ना छोराछोरीको माया हुन्छ त्यस्तै जन्माउने त्यो परमात्मा, त्यो Super power, त्यो प्रकृति जे नाम दिनुस्, उसको प्रेम हामीप्रति छ। त्यसकारण हाम्रो समस्या जागीर नपाउनु होइन, नकमाउनु समस्या होइन । समस्या त त्यसलाई भरोसा गर्न सकेनौं । जसरी छोराछोरीले आमाबुबालाई भरोसा नगरेको कारण एकातिर आमाबाबु सत्यानाश हुँदैछन् र अर्कोतिर छोराछोरी लावारिस हुदैछन् ।

**पार्टीहरूको पनि त्यही कुरा छ कि उनीहरू जनताको स्वतन्त्रता र जनताको शान्ति भन्दा पदको भागवण्डामा बढी रुमल्लिइरहेका छन् । अहिले देशको हालत यही छ कि को प्रधानमन्त्री हुने भन्ने मात्र धुन छ ।**

त्यस्तै हामीले पनि प्रकृतिको त्यो परमज्ञानलाई बुझ्न नसकेको कारणले, परम चैतन्यलाई बुझ्न नसकेको कारणले गर्दा हामी बर्बाद भएका छौं। उदाहरणको लागि अहिले इन्टरनेटको जमाना, कम्प्युटरको विज्ञान धेरै अगाडि बढेको छ । कम्प्युटरमा प्रोग्राम हुन्छ (त्यो पनि पहिला भन्दा अहिले झन् पुस्तैपिच्छे चलाख





हुँदैछ । झन्-झन् चलाख र शक्तिशाली कम्प्युटर बन्दैछ ।) तर जतिसुकै शक्तिशाली बनेपनि त्यो कम्प्युटरको सफ्टवेयर (जसको कारणले कम्प्युटर चल्छ) त सीमित हुन्छ नै । त्यसो भएर पनि त्यो सफ्टवेयर तपाईंको कम्प्युटरको सम्पति हो । त्यसैको सेरोफेरोमा रहेर तपाईंले काम लिने हो । तर अहिले तपाईंलाई यो पनि थाहा छ कि 'मेरो सफ्टवेयरले भ्याएन भने (हालसालै विकास भएका कुराहरू त पुरानो मोडेलको सफ्टवेयरमा हुँदैहुदैनन्) मैले अनन्त सूचनाहरू र जानकारीहरू लिनको लागि इन्टरनेटमा जोडिनु पर्छ। यदि इन्टरनेटमा जोडियो भने संसारभरका ज्ञानहरू मेरै कम्प्युटरमा आउँछ।' यो त सबैलाई थाहा छ। त्यसको लागि modem चाहिन्छ । बिना modem इन्टरनेटसँग लिंक हुँदैन । कम्प्युटर पनि छ, सूचना पनि अनन्त छ तर सूचना तपाईंको कम्प्युटरमा आउन modem त चाहिन्छ ।

**लाठी खानेहरू पनि नेपाली जनता हुन् अनि जसले लाठी हिर्काए ती पुलिसहरू,सेनाहरू पनि नेपाली जनता हुन् । यी दुवैलाई नचाउने काम भइरहेको छ। एक जमातलाई सरकार पक्षले नचाएका छन्, अर्को पक्षलाई पार्टी पक्षले नचाएका छन् ।**

मनोक्रान्ति अभियान

त्यस्तै तपाईं हामीले अहिले कमाएको विचार, बुद्धि, तर्क, गणित, शिक्षा, सम्पति, सत्ता यी सबै त सफ्टवेयर मात्र न हो ! इन्टरनेट सँग लिंक त कहिले गरेका छौं हामीले ? त्यसकारण परमात्मा इन्टरनेट हो । बुझ्नुस् मित्र ! सबैलाई जोडने इन्टरनेटको अगाडि यस्ता सफ्टवेयर त तातो न छारो । त्यो त तपाईंको घरमा जति धन भएपनि उसको अगाडि कम नै हो । त्यसकारण इन्टरनेटसँग जोडिन जसरी modem चाहिन्छ, त्यस्तै हामीले पनि यो अनन्त ज्ञानको भण्डार (जसलाई प्रकृति भनिन्छ, परमात्मा भनिन्छ, GOD भनिन्छ, natural intelligence भनिन्छ, super power भनिन्छ ईत्यादि) त्यो चारैतिर छ, जहिले पनि छ, भोलि पनि हुनेछ । त्यो सत्यं अर्थात् कहिल्यै ननासिने छ । त्यो शिवं अर्थात् कल्याणकारी छ र त्यो सुन्दरम् छ, त्यो जीवनको सुन्दरता हो । उसकै सुन्दरताको कारणले गर्दा हामीले देखिरहेको फूल पनि सुन्दर हुन्छ। त्यो सुन्दर फूललाई मेरो आँखासम्म पुर्‍याउने काम पनि उसैले गरिरहेको छ। मलाई फूल किन सुन्दर लाग्छ भने

> **नेपाली जनताका विरुद्धमा एउटा षडयन्त्र सरकारको तर्फबाट जारी छ र अर्को षडयन्त्रको पाटो पार्टीहरूको तर्फबाट पनि जारी छ ।यो कुरा त बुझ्नु पर्छ हामीले ।**





मनोक्रान्ति अभियान

त्यसले मलाई आनन्द दिन्छ र आनन्द भनेकै परमात्माको रुप हो मित्र ।

**आनन्दमेव ब्रम्हः**

आनन्द ब्रम्हस्वरुप हो । मैले फूललाई हेर्दा ब्रम्हलाई भेट्टाएर नै आनन्द भएको हो । मैले मीठो खाँदा स्वादमा पनि ब्रम्ह आउँछ। मैले मेरी प्रेयसीलाई छुँदा त्यहाँ पनि ब्रम्ह नै आएको हो। तपाईंले लुकिलुकि दुईजना भेट्नु भयो भने पनि त्यहाँ कि पनि तेस्रो सत्ता छ। त्यसलाई नभेटेर तपाईंको प्रेम जहिले पनि अधुरो-अधुरो रहन्छ। आमाबाबुलाई आदर दिंदा, भक्तिभाव प्रदर्शन गर्दा आनन्द आउँछ, त्यो पनि ब्रम्हकै स्वरुप हो। परमात्माको रंग हुँदैन, रुप हुँदैन, निरञ्जन हुन्छ। तर उसको एउटा अनुभूति हुन्छ– आनन्द । त्यसकारण जसरी हामीले इन्टरनेटसँग लिंक गरेर सूचना राजमार्ग (Imformation Highway) मा प्रवेश गर्न सक्छौं र संसारभरिको ज्ञानलाई हाम्रो

> **अर्कोतिर पार्टीहरूलाई शान्ति भन्दा बढी पद चाहिएको छ । सरकार आफ्नै बनाउन मात्र चाहिरहेका छन् प्रत्येक पार्टी । सरकार त तपसीलको कुरा हो, दोश्रो कुरा हो secondary कुरा हो । पहिलो कुरा त शान्ति बहाली हुनुपर्‍यो देशमा ।**

सानो कम्प्युटरबाट संचालन गर्न सक्छौं । त्यसरी नै यो श्रृष्टिमा यत्रतत्र छरिएका ज्ञानलाई पनि हामी जोड्न सक्छौं । त्यसको लागि मोडेम चाहिन्छ । त्यो मोडेम भनेकै साधना हो, practice, ध्यान (meditation) हो, योग हो। त्यसैले बुद्धले बारम्बार भन्नुपर्‍यो ।

**नत्थी झानं पँञस्स**
**पैंया नत्थी अझायतो**

विना ध्यान ज्ञान असम्भव हुन्छ । त्यसकारण एउटा कुरा बुझौं जुनदिनमा इन्टरनेटसँग लिंक हुन्छ, त्यो दिनमा हाम्रो सफ्टवेयर पनि धन्य हुन्छ। अहिले भन्दा धेर काम आउँछ । अहिलेसम्म हामीले जेजति पायौं, त्योभन्दा धन्य हुन्छ। हाम्रो जीवनलाई बुझ्ने घेरा फराकिलो हुन्छ, छोराछोरीप्रति प्रेम बढ्छ, आमाबाबुप्रति श्रद्धा बढ्छ, सम्पूर्ण समाजप्रति आस्था बढ्छ। जुनदिनमा बुझिन्छ- यो श्रृष्टि भित्र म छु, म भित्र यो सृष्टि छ ।

**तिनीहरूलाई हिर्काउन हुँदैन । तागत छ भने विद्रोह गर्नू । त्यो बन्दूक ! त्यो लाठी !! 'आफ्नै दाइभाइलाई पिट्नको लागि बोकेका होइनौ हामीले ।' यो विद्रोहको आवाज सेनाबाट आउनुपर्‍यो कि आफ्नै दाजुभाइलाई नमार्ने, उनीहरुको विरुद्धमा नउठ्ने ।**





**यत् पिण्डे तत् ब्रम्हाण्डे**
**यत् ब्रम्हाण्डे तत् पिण्डे**

जो बाहिर छ त्यो भित्र छ, जो भित्र छ त्यै बाहिर पनि छ ।

**ओम पूर्णमदः पूर्णमिदं, पूर्णात् पूर्ण मुदच्यते**
**पूर्णस्य पूर्णमादाय पूर्णमेवावस्यते**

अर्थात् त्यो पूर्ण छ, यो पनि पूर्ण छ । पूर्णबाट पूर्ण झिक्दा पूर्ण नै बाँकी रहन्छ । त्यो पूर्ण परमात्मा । यो जीवात्मा पनि पूर्ण छ तर अधुरो मान्यौं हामीले । जुन दिनमा यो जीवात्मा अर्थात् स्वयं पनि पूर्ण भन्ने बुझ्छौं हामीहरू, त्यो बेला जीवात्मा पनि परमात्मा नै हुन्छ ।

**ब्रम्हवेत्ता ब्रम्हैव भवति**

लौ हेर्नुस् । शास्त्रको उदघोषण छ– 'जसले ब्रम्हलाई बुझ्छ ऊ पनि बम्ह नै बन्छ । कवीर ले आफ्नै सुन्दर भाषामा भने–

**लाली तेरी लालकी जित देखुँ तित लाल**
**लालीको ढुढनमें चला तो खुद भी बन बैठा लाल**

हेर्नुस् त जताततै आनन्दै छ, परमात्मै छ र जुन दिनमा हामी त्यो लालीलाई खोज्न जान्छौं त्यो परमात्मालाई खोज्न जान्छौं, त्यो

**भोली गएर प्रधानमन्त्री वा मन्त्रीमण्डल कसैको नेतृत्वमा बन्दा पनि शान्ति बहाल हुदैन भने यो खोक्रो आन्दोलन हो ।**



मनोक्रान्ति अभियान

मनोक्रान्ति अभियान

दिनमा हामी आफूलाई पनि परमात्मा नै हो भनेर जान्दछौं । त्यहाँ फर्कने पनि कोही हुँदैन किनभने त्यहाँ ‘म’ नै हुँदैन । अनि कसले कसलाई भन्ने कि म परमात्मा भएँ भनेर ।

त्यही भावदशाले मात्र अनुसुयाले जस्तै विरोधीभन्दा पनि विरोधीलाई पनि हाँसेर, चित्त नदुखाइकन, पीडा नदिइकन, खुशी पारेरै सबैलाई फाइदा दिने र आफूपनि फाइदा लिने अवस्थामा हुन्छौं हामी । सह-अस्तित्व भनेको त्यही हो । काश ! यो अध्यात्मको बोध हाम्रो देशका नेताहरूमा भै दिएको भए !!

**शान्तिको मुद्दा लिएर आउनू । शान्ति माओवादीले बन्दूक बिसाएपछि हुन्छ । बन्दूक बिसाउने काम U.N.O. (संयुक्त राष्ट्र संघ) को मातहतमा होस् अनि देश संविधान सभामा जाओस् ।**

सती अनुसुयाको जस्तै अवस्था छ देशको । देशले रगत मागिरहेको छ एकातिर । अर्कोतिर देशमा शासन गर्ने, एकाधिकार जमाउने चाह बढेको छ । राजामा पनि चाह बढेको छ, पार्टीमा पनि चाह बढेको छ, माओवादीहरूमा पनि । कोही पनि सह-अस्तित्वलाई स्वीकार्न तयारै छैनन् । छन् कोही ? माओवादीहरू चाहन्छन् कि २३४ वर्षको इतिहासलाई बदल्ने अनि सर्वहारावर्गको अधिनायकवादलाई स्थापना गर्ने । फेरी घुमाइफिराइ





त्यहीकुरा । हो २३४ वर्षको इतिहासलाई बदल्नुपर्छ । त्यसमा म राजी छु । इतिहास बदलिएन भने वर्तमान मुर्छा पर्छ । इतिहास बदल्नैको लागि हो, तर दोहोर्याउनको लागि होइन । इतिहास जहिले पनि तरुणी जस्तै हो उ जहिले पनि तरुण रहन्छ, सदा सुन्दरी (evergreen) हुन्छ । इतिहास सुन्दर छ । तर त्यो इतिहासलाई यदि दोहोर्‍याउने काम भयो भने त्यो बूढो हुन्छ । नेपालको इतिहास बूढो भएको छ । यसलाई बदल्नुपर्छ शंका छैन । तर यसलाई बदल्नको लागि ल्याएको मुद्दा (issue) के त भन्नाले ‘सर्वहारावर्गको अधिनायकवाद’ जो रुसमा टिकेन, चीनमा भत्किँदैछ । संसारभरमा एउटा सिद्धान्तले अर्को सिद्धान्तलाई गलहत्याउने काम, त्यो निरंकुशता, अहिलेको निरंकुशता भएन रे ! अर्को निरंकुशता ल्याउनु पर्‍यो अरे !! यसको अर्थ के हो ? त्यसकारण इतिहास बदल्नुपर्छ भन्ने माओवादीको कुरालाई म सलाम ठोक्छु ! सलाम !! तर एउटा कुरा याद राख्नुस्– नेपालको इतिहासलाई बदल्ने अनि सोभियत रसियामा फसेको इतिहास यहाँ दोहोर्‍याउने ? त्यसको लागि म

**संविधान सभा ! यो सबैको लागि परीक्षण हो । यदि राजालाई जनताबाट अनुमोदित हुनुछ भने संविधानसभाले मात्र राजा जनताको हो या होइन भन्ने निर्क्योल निकाल्न सक्छ ।**

मनोक्रान्ति अभियान

औंला ठड्याउँछु । NO ! पाइदैन इतिहास दोहऱ्याउन, चाहे त्यो रुसको होस् या नेपालको होस् । त्यसकारण नेपालको इतिहासलाई बदल्ने माओवादीले उठाएको मुद्दा ५० प्रतिशत ठीक छ । त्यसको सदुपयोग गर्नु पर्छ नेपाली जनताले । त्यसलाई सलाम गर्दै उकास्नु पर्छ । यो तपाईं हामी सबैको मुद्दा बन्नु पर्छ । अनि अर्कातिर उनीहरूले कम्युनिस्ट pattern को एकदलीय शासन स्थापना गर्न खोज्ने हो भने त्यसको विरुद्ध आवाज बुलन्द हुनैपर्छ ।

पार्टीहरूको पनि त्यही कुरा छ कि उनीहरू जनताको स्वतन्त्रता र जनताको शान्ति भन्दा पदको भागवण्डामा बढी रुमल्लिइरहेका छन् । अहिले देशको हालत यही छ कि को प्रधानमन्त्री हुने भन्ने मात्र धुन छ । सबैका अन्तर्वार्ता र विचारहरू पढिर हँदा हाँसो उठ्छ कि सबैलाई आफैं प्रधानमन्त्री बन्नुछ । यहाँ मान्छेले दिनदिनै लात खाइरहेका छन्, लाठी खाइरहेका छन् । लाठी खानेहरू पनि नेपाली जनता हुन् अनि जसले लाठी हिर्काए

> **यहाँ प्रजातन्त्रको कुरा गर्ने तर प्रजातन्त्रको अभ्यासमा सबै भागाभाग हुने ? के जनताले निर्णय गर्नु भनेको प्रजातान्त्रिकता होइन ? त्यसकारण संविधानसभाको एउटै मात्र मर्म - जनताको निर्णयलाई स्वीकार गर्नु ।**





ती पुलिसहरू,सेनाहरू पनि नेपाली जनता हुन् । यी दुवैलाई नचाउने काम भइरहेको छ। एक जमातलाई सरकार पक्षले नचाएका छन्, अर्को पक्षलाई पार्टी पक्षले नचाएका छन् ।

नेपाली जनताका विरुद्धमा एउटा षडयन्त्र सरकारको तर्फबाट जारी छ र अर्को षडयन्त्रको पाटो पार्टीहरूको तर्फबाट पनि जारी छ। यो कुरा त बुझ्नु पर्छ हामीले । त्यसमा त जानैपर्छ मित्र हामी । हामी जनता एकातिर भनिरहेका छौं कि नेपालमा शान्ति चाहिन्छ । अर्कोतिर पार्टीहरूलाई शान्ति भन्दा बढी पद चाहिएको छ। सरकार आफ्नै बनाउन मात्र चाहिरहेका छन् प्रत्येक पार्टी। सरकार त तपसीलको कुरा हो, दोश्रो कुरा हो secondary कुरा हो । पहिलो कुरा त शान्ति बहाली हुनुपऱ्यो देशमा । "माओवादीहरूले बन्दूक बिसाउनु पऱ्यो यो देशमा" त भनिरहेका छैनन् कसैले । त्यो सेना जसले लात हानीरहेका छन् नेपाली दाजुभाईहरूलाई अनि संचार माध्यमले त्यो दृश्य छापेर सेना र

> **यो एउटा मौका हो राजाको लागि पनि । राजाले अग्निपरीक्षाबाट गुज्रिनु पऱ्यो अब । सीता यदि चोखी छिन् भने जल्दिनन् आगोले । यदि चोखी हो भने आगोदेखि डराउने कुनै जरुरत छैन ।**

पुलिसलाई जनताको दुश्मनको रुपमा पेश गर्ने काम पनि पत्रकारहरूबाट भएको अर्को गल्ती हो । किनभने यहाँ दुश्मन पुलिस होइन, दुश्मन सेना होइन, उनीहरुलाई खेलाउने एकमुट्ठी स्वार्थी मान्छेहरू छन्– तिनीहरूलाई पहिचान गर्नुपर्छ । त्यसलाई पहिचान गर्न सकिएन भने आखिर एउटा जनताको लाठी अर्को जनताको पिठ्युँमाथि बज्रिरहेको छ र बजार्ने कामको षडयन्त्रको तानावाना बुनिरहेकोछ कसैले ।

**उपरवाला पासा फेंके नीचे चलते के दाँव**
**कभी धूप तो कभी छाँव**

भइरहेको यस्तै छ । पाशा कताकताबाट फ्याँकिरहेको छ थाहा छैन हामीलाई– सिंहदरवार छ, राजदरवार छ, बल्खु दरवार छ, टेकु दरवार छ । पाशा त्यहाँबाट फ्याँकिर हेको छ । एउटा जनता कुट्नमा व्यस्त, अर्को जनता कुटाइ खानमा व्यस्त । के भइरहेको यो देशमा ? एउटा मानसिक महारोग लागिरहेछ नेपाली जनतालाई । अझै पनि पहिचान गर्न सकेनौं । पुलिस, सेनालाई लाग्छ– 'यी मोरा

**यही कुरा पार्टीहरूको मामलामा पनि लागु हुन्छ । यिनीहरूको जनाधार छ भने किन डराउने ? जनाधार छैन भने किन जनताको जप लगाउने ? जनताको शासनको अर्थ भएन ।**

मनोक्रान्ति अभियान





जनताहरू त्यत्तिकै सडकमा उत्रिरहेका छन्, त्यसकारण यिनीहरू दुश्मन हुन् ।' होइनन् !!! मेरा पुलिस मित्रहरू ! मेरा सेना मित्रहरू !! जसलाई तपाईंले लात हानीरहनुभएको छ ती पनि तपाईंकै दाइ हुन्, भाइ हुन्, तपाईंकै सन्तान हुन्, तिनीहरूपनि तपाईंकै रगत हुन् । तिनीहरूलाई हिर्काउन हुँदैन । तागत छ भने विद्रोह गर्नु । त्यो बन्दुक !त्यो लट्ठी!! 'आफ्नै दाइभाइलाई पिट्नको लागि बोकेका होइनौ हामीले ।' यो विद्रोहको आवाज सेनाबाट आउनुपर्‍यो कि आफ्नै दाजुभाइलाई नमार्ने, उनीहरूको विरुद्धमा नउठ्ने । यही विरोधको आवाज जनताको तर्फबाट पनि आउनु पर्‍यो कि जनतालाई बिनामुद्दा सडकमा ल्याउने काम हुनुभएन । भोलि गएर प्रधानमन्त्री वा मन्त्रीमण्डल कसैको नेतृत्वमा बन्दा पनि शान्ति बहाल हुदैन भने यो खोक्रो आन्दोलन हो । या त आन्दोलनमा शान्तिको मुद्दा लिएर आउनू । हामीले बारबार भनेका छौं– शान्तिको मुद्दा लिएर आउनू । शान्ति माओवादीले बन्दूक बिसाएपछि हुन्छ । बन्दूक बिसाउने काम U.N.O. (संयुक्त राष्ट्र संघ) को मातहतमा होस् अनि देश संविधान सभामा जाओस् ।

संविधान सभा ! यो सबैको लागि परीक्षण हो । यदि राजालाई जनताबाट अनुमोदित हुनुछ भने संविधानसभाले मात्र राजा जनताको हो या होइन भन्ने निर्क्यौल निकाल्न सक्छ । त्यस्तै कुन पार्टीले शासन गर्ने, त्यसको निर्क्यौल जनताले नै निकालून् । माओवादीहरूले पनि बन्दुकलाई फालीदिनु र संविधानसभाबाट जुनसुकै परिणाम आएपनि स्वीकार्य छ भनेर जानू । जनताले जहाँ बहुमत दिन्छ जाने हो । प्रजातन्त्र त त्यही हो ।

यहाँ प्रजातन्त्रको कुरा गर्ने तर प्रजातन्त्रको अभ्यासमा सबै भागाभाग हुने ? के जनताले निर्णय गर्नु भनेको प्रजातान्त्रिकता होइन ? त्यसकारण संविधानसभाको एउटै मात्र मर्म - जनताको निर्णयलाई स्वीकार गर्नु। राजा रहने वा नरहने, गणतन्त्र वा लोकतन्त्र, कुन पार्टीले शासन गर्ने, माओवादीहरू ठीक कि गलत त्यो सबैको निर्क्यौल निकाल्ने काम त संविधान-सभाकै हो, जनताकै काम हो, अरू कसले गर्ने ? त्यसकारण यसलाई जबसम्म मुख्य मुद्दा बनाइदैन, तबसम्म हामी जोकर फाल्तु हुन्छौं। यो एउटा मौका हो राजाको लागि पनि। राजाले अग्निपरीक्षाबाट गुज्रिनु पर्‍यो अब। सीता यदि चोखी छिन् भने जल्दिनन् आगोले। यदि चोखी हो भने आगोदेखि डराउने कुनै जरुरत छैन।

यही कुरा पार्टीहरूको मामलामा पनि लागु हुन्छ। यिनीहरूको जनाधार छ भने किन डराउने ? जनाधार छैन भने किन जनताको जप लगाउने ? जनताको शासनको अर्थ भएन। यो देश अहिले जुन अवस्थाबाट गुज्रिरहेको छ, त्यो पनि सदुपयोग गर्ने नै समय हो। अहिले देश जुन भुमरीमा फँसेको छ त्यसको कारण यसको गरीबी हो। सबैले भनेको कुरा गरीबी हटाउने हो। तर शान्तिले गरीबी हटेको छैन देशमा। क्रान्तिले पनि गरीबी हटेको छैन कतिपय देशमा। त्यसको लागि चाहिन्छ– विज्ञान र प्रविधिको विकास। अतः हामी के भन्छौं भने विज्ञान र प्रविधिको विकास गर्नुपर्छ। त्यसको लागि नेपालका १० हजार विद्यार्थीहरूलाई अमेरिका, जापान जस्ता संसारभरका ठूला कलेजहरूमा वैज्ञानिक बनाएर फर्काउने योजना स्वीकार गर्नुपर्‍यो।





अमेरिकी सरकार जसले नेपाललाई 'आतकंबाट जोगाउने' जमर्को गर्ने हो भने, यदि तिमीहरू नेपालमा साँच्चै नै शान्ति चाहन्छौ भने १० हजार विद्यार्थीलाई वैज्ञानिक बनाएर फर्काउ नेपालमा। अनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म प्रयोगशाला बनून्, जहाँ उनीहरूले वैज्ञानिक प्रयोगको काम गर्न पाऊन्। अनि त यहाँको हावा पनि मूल्यवान हुन्छ, पानी पनि मूल्यवान हुन्छ। वैज्ञानिकहरूले यी प्राकृतिक कुराबाटै सम्पति उत्पादन गर्ने हो। देश हामीसँग छ, सबैथोक हामीसँग छ। तर एउटा चीज छैन- वैज्ञानिक खोपडी। त्यसकारण हामीलाई १० वर्षको योजना देऊ, १० हजार विद्यार्थीलाई वैज्ञानिक बनाएर मेचीदेखि महाकालीसम्म प्रयोगशाला बनाऊ। त्यसपछि संसारसँग माग्नु पर्दैन हामीले किनभने त्यसपछि हामी आफैं उत्पादन गर्छौं। यसरी दीर्घकालीन समस्याको समाधान देखिर हेको छु मैले। र तत्कालिन समस्याको समाधान संविधान सभा नै हो।

पूनः मूल चिन्तनमैं फर्कौं। जीवनको नादानी, बेइमानीबाट मुक्त भई अर्थपूर्ण जीवन बाँच्न एउटा संकल्प आजबाट, अहिल्यैबाट गर्नैपर्छ हामीले। पूरानो जीवनमा नफर्कने संकल्प, नयाँ जीवनको लागि मरीमेट्ने संकल्प। आफूलाई चिनेरै छाड्ने संकल्प।

मनोक्रान्ति अभियान